बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

(कार्यक्षेत्र: चितवन र मकवानपुर)

भरतपुर, चितवन

## कृषि विकासका लागि बिउँपूजी कोष परिचालन कार्यक्रमको लागि प्रस्ताव आव्हानको सूचना

सूचना नं.- १२/०८०/८१
(प्रथम पटक प्रकाशित मिति: २०८०/१०/१८)

कृषि ज्ञान केन्द्र, चितवनको आ.व. २०८०/८१ को स्वीकृत कार्यक्रम अन्तर्गतको "कृषि विकासका लागि बिउँपूजी कोष परिचालन कार्यक्रम" मा सहभागी हुन ईच्छुक चितवन र मकवानपुर जिल्लाका आवेदकहरु (कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक समूह र कृषि सहकारी) ले यो सूचना प्रकाशन भएको मितिले ३०औं दिन (मिति २०८०/११/१८ ) सम्ममा कार्यालय समय भित्र देहाय बमोजिमका कागजातहरु संलग्न गरी यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रमको नाम | ईकाइ | परिमाण | कुल बजेट (रु.) | स्वीकृत कार्यविधि |
|---|---|---|---|---|
| कृषि विकसका लागि बिउँपूजी कोष परिचालन | पटक | १ | १ (एक) करोड | बिउँपूजी परिचालन कार्यविधि, २०८० |

**<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>**

१. रु. १०।- को हुलाक टिकट टाँस गरेको अनुसूची-३ अनुसारको निवेदन
२. संस्था दर्ता/नवीकरण प्रमाणपत्र, प्यान/भ्याट प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु
३. लेखा परीक्षणको प्रमाणित प्रतिलिपि
४. समूह/सहकारी वा दुई भन्दा बढी सदस्य रहेको कृषि फर्म/कम्पनीको हकमा आवेदन पेश गर्ने तथा अख्तियारी तोकिएको सम्बन्धी संस्थाको निर्णयको प्रतिलिपि
५. निवेदक/अख्तियारी प्राप्त व्यक्तिको नागरिताको प्रतिलिपी
६. व्यवसायिक योजना
७. योजना संचालन हुने जग्गाको लालपुर्जाको प्रतिलिपि (भाडामा लिएको हो भने करारनामा सम्झौताको प्रमाणित प्रतिलिपि समेत)
८. स्थानीय तहको वा वडा कार्यालयको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नहुने र कार्यक्रम दिन मनासिब हुने व्यहोरा खुलेको सिफारिस पत्र
९. कम्तीमा ५ वर्ष वा बीउपुँजी फिर्ता गर्ने अवधीको जग्गा बैक सुरक्षण/जग्गा रोक्का प्रमाणपत्र/परियोजना धितो
१०.पेश भएको जग्गाको लालपुर्जा हाल अन्य प्रयोजनमा रोक्का नरहेको भन्ने मालपोत कार्यालयको सिफारिस
११.कृषि व्यवसायमा बिमा गरेको बिमालेख
१२.अन्य आवश्यक कागजातहरु

२०८०/१०/१८

पूनश्चः थप जानकारीको लागि यस केन्द्रको फोन नं. ०५६-४९३११५,/९८५५०९२२५५ मा सम्पर्क गर्न सक्नुहुनेछ । कार्यक्रम सम्बन्धी कार्यविधि कृषि ज्ञान केन्द्र, चितवनको वेबसाइट www. chitwan.akc.gov.np मा हेर्न र डाउनलोड गर्न सक्नुहुनेछ । म्याद नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरुमाथि कुनै प्रक्रिया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन ।

कंडेल
प्रमुख
अधिकृतस्तर (दशौं)